गोलबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गोलबजार, सिरहा

मधेश प्रदेश, नेपाल

**पशु हाटबजार ठेक्का सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मिति २०७९/०६/२४)

**पशु हाट बजारको सेवा शुल्क ठेक्काको बोलपत्र आह्वन सम्बन्धी सूचना।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा भएको वित्तीय अधिकारक्षेत्रभित्र पर्ने पशु बजारको सेवा शुल्क आय शीर्षकमा आ.व.२०७९/०८० को श्रावणदेखि असार (१२ महिना) सम्मको लागि अग्रीम एकमुष्ट रकम बुझाउने गरी वा किस्ता बन्दीमा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुका अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिनभित्र रीतपूर्वकको शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र)औँ दिनसम्म कार्यालय समयभित्र उल्लेखित बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। साथै बोलपत्र फाराम खरिद गर्दा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ।

२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग अध्ययन गरी सम्बन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलबन्दी गरी खाम बाहिर ठेक्काको नाम, प्रेषकको नाम र ठेगाना प्रष्टसँग लेखी १६ (सोह्र) औं दिन दिनको १२:०० बजेसम्म खामी यस कार्यालयबाट खरिद गरिएको शिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा नगरपालिकाको कार्यालयमा खोलिने छ। उक्त समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने,दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

४. शिलबन्दी बोलपत्र साथ आफूले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नाममा रहेको ग्लोलब आई.एम.ई बैंक शाखा कार्यालय गोलबजार सिरहा स्थित खाता नं.५५०४०१००००१६ (कार्यालयको कोड नं.८०१०२१६०३) धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राख्नु पर्नेछ। धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन।

५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

६. ठेक्का अवधि आ.व.०७९।०८० को २०८० आषाढ मसान्तसम्म हुनेछ।

७. बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको बोलपत्रलाई बदर गरिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

प्रमुख प्रशासकीय अधिकृत

८. ठेक्का सम्बन्धी कुनै समस्या आई परेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारबाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा न.पा.ले समाधान गर्ने छ र सोही समाधान अन्तिम पनि हुनेछ।

९. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. आफुले कबोल गरेको सम्पुर्ण अङ्क (स्वीकृत) रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रीम रुपमा वुझाए वापत कार्यालयबाट कबोल अंकको दश प्रतिशत छुट दिइनेछ वा किस्ताबन्दी गरेमा दुई किस्ता हुनेछ। तर सम्झौता गर्नु अगावै एक किस्ता बुझाउनु पर्नेछ र बाँकी अवधिको लागि दोस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा २०८० साल श्रावण महिना मसान्त सम्मको बैंक ग्यारेण्टी (पर्फमेन्स वण्ड) वा जमानत धितो पेश गरी पट्टा उठाउनु पर्नेछ।

११. यसमा उल्लेखित वाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका वखत निर्धारित हुनेछन्।

१२. स्वीकृत ठेक्का अङ्कमा नियमानुसार लाग्ने कर नगरपालिकाले सोही रकमबाट बुझाउनेछ। बोलपत्र सम्बन्धी केही कुरा बुझन परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी बुझन सकिनेछ।

१३. पशु बजारबाट उठाउने सेवा शुल्क(वटी) वारे कार्यालयमा सम्पर्क राखी बुझन सकिनेछ। यस कार्यालयले आर्थिक ऐनमा तोकि दिएको भन्दा बढी सेवा शुल्क (वटी) लिन पाइने छैन साथै नगरपालिकालाई नगदी जिन्सी तिर्न बुझाउन बाँकी रहेको व्यक्तिले निवेदन खरिद गर्न पाउने छैन र खरिद गरेको भए पनि ठेक्का स्वीकृत हुने छैन।

**आ.व. ०७९।०८० को हाट बजार ठेक्काको न्यूनतम रकम विवरण**

| ठेक्काको नं. | बजारको नाम | का.पा.को निर्णय अनुसार न्यूनतम ठेक्का रकम वार्षिक आ.व.२०७९।८० (कर सहित) | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०३/२०७९।०८० | पशु बजार | ४८,६६,०५०।- | ३०००।- | |

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा।
प्रमुख प्रशासकीय अधिकृत